# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, सहायक प्रथम श्रेणी, लेखापाल वा सो सरह

## पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/३/२०

समय: २ घण्टा ३० मिनेट | पत्र: प्रथम | पूर्णाङ्क: १००

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### Section – A (35 Marks)

१. राष्ट्रिय एकता कायम राख्नका लागि देशको संस्कृतिले कसरी भूमिका निर्वाह गरेको हुन्छ? प्रष्ट पार्नुहोस्। ५

२. निजीक्षेत्रलाई किन आर्थिक विकासको इञ्जिनका रूपमा लिइन्छ? कारण दिनुहोस्। ५

३. सोह्रौं आवधिक योजना अनुसार मानव अधिकार सम्बन्धमा के-कस्ता लक्ष्य र कार्यक्रमहरू तय गरिएका छन्? लेख्नुहोस्। ५

४. नेपालको वर्तमान जनसांख्यिक अवस्थाको बारेमा चर्चा गर्नुहोस्। ५

५. जैविक विविधता भनेको के हो? नेपालमा जैविक विविधतामा देखिएका प्रतिकूलताका कारणहरू उल्लेख गर्नुहोस्। २+३=५

६. खाद्य सुरक्षाको अवधारणा र महत्त्वको बारेमा प्रकाश पार्दै नेपालमा खाद्य सुरक्षाका लागि कार्यान्वयनमा ल्याईएका प्रमुख नीतिहरूको बारेमा उल्लेख गर्नुहोस्। ४+६=१०

### Section – B (35 Marks)

७. नेपालको संविधान बमोजिम कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन र नियन्त्रणसम्बन्धी व्यवस्थाको बारेमा उल्लेख गर्नुहोस्। ५

८. नेपालमा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राज्य शक्तिको बाँडफाँट कसरी गरिएको छ? संक्षेपमा प्रकाश पार्नुहोस्। ५

९. कानूनको शासन (Rule of law) र कानूनद्वारा शासन (Rule by law) बिचको भिन्नता स्पष्ट पार्नुहोस्। ५

१०. नेपालको सन्दर्भमा समावेशीकरणलाई प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्नुहोस्। ५

११. सुशासनका आधारभूत तत्त्वहरू के-के हुन्? सुशासनको सुनिश्चितताका लागि सरकारले प्राथमिकता दिनुपर्ने कार्यक्षेत्रहरूको चर्चा गर्नुहोस्। २+३=५

१२. सूचनाको हक र पारदर्शिताबीचको अन्तरसम्बन्ध उल्लेख गर्दै सार्वजनिक निकायमा पारदर्शिता प्रवर्द्धन गर्ने उपायहरू प्रस्तुत गर्नुहोस्। ४+६=१०

### Section – C (30 Marks)

१३. कार्यालय व्यवस्थापनलाई प्रभावकारी तुल्याउन व्यवस्थापन सूचना प्रणालीको भूमिकाको बारेमा वर्णन गर्नुहोस्। ५

१४. सार्वजनिक सेवामा जनशक्ति योजनाको महत्त्वको बारेमा लेख्नुहोस्। साथै जनशक्ति योजनालाई कार्यान्वयन गर्न के-कस्तो तयारी गर्नुपर्ला? प्रष्ट पार्नुहोस्। २+३=५

१५. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकका प्रमुख भूमिकाहरू उल्लेख गर्दै यस्ता भूमिकालाई सेवा केन्द्रबाट सुनिश्चित गराउन सेवाग्राहीले के-कस्तो दायित्व निर्वाह गर्नुपर्ने हुन्छ? संक्षिप्तमा उल्लेख गर्नुहोस्। २.५+२.५=५

१६. लोकतान्त्रिक मूल्य मान्यताहरू (Democratic norms and values) उल्लेख गर्दै लोकतान्त्रिक मूल्य मान्यताहरूले समृद्ध राष्ट्र निर्माणमा कसरी योगदान पुऱ्याउन सक्दछन्? चर्चा गर्नुहोस्। २+३=५

१७. सरकारी लेखा प्रणालीमा रहेका कमी-कमजोरी औंल्याउँदै प्रभावकारी लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस्। ५+५=१०

<<समाप्त>>